काठमाडौं, नेपाल

प्रधानमन्त्री

## सन्देश

**"समुदायको नेतृत्वमा एड्स अन्त्य गरौं"** भन्ने मूल नाराका साथ मनाउन लागिएको यस वर्षको विश्व एड्स दिवसका सन्दर्भमा विगतमा एड्सका कारण ज्यान गुमाउनु भएका दिदीबहिनी तथा दाजुभाइहरू प्रति दु:ख व्यक्त गर्दछु। एन्टीरेट्रो भाईरल औषधि नियमित सेवनबाट सामान्य नागरिक सरह जीवनयापन गरिरहनुभएका व्यक्तिहरूलाई स्वस्थ जीवनयापनको कामना गर्दछु। भविष्यमा एचआईभी सङ्क्रमणका कारण कसैको पनि अकालमा मृत्यु नहोस् भन्ने चाहना व्यक्त गर्दछु।

चिकित्सा विज्ञानमा भएको प्रभावकारी अनुसन्धान तथा समुदायको प्रभावकारी नेतृत्व र प्रतिक्रियाको कारणले एचआईभी दीर्घ व्यवस्थापन गर्न सकिने अवस्थामा आइपुगेको छ। नियमित रुपमा एचआईभीको उपचार गरेमा सङ्क्रमित व्यक्तिहरूले स्वस्थ जीवनयापन गर्न सक्दछन्। प्रभावकारी रोकथाम, परीक्षण तथा उपचारका सेवाहरूमा पहुँच सर्वसुलभ भएकोले नयाँ सङ्क्रमण घट्दै गइरहेको र एड्सको कारणबाट हुने मृत्युमा पनि उल्लेखनीय कमी आएको छ। नेपाल सरकारले एचआईभी सङ्क्रमितहरूलाई तोकिएका स्वास्थ्य संस्थाहरूबाट नि:शुल्क एन्टीरेट्रो भाईरल उपचार प्रदान गर्दै आइरहेको छ। दिगो विकास लक्ष्य अन्तर्गत नेपालले सन् २०३० सम्म एड्स महामारी अन्त्य गर्ने प्रतिबद्धता जनाइ देशव्यापी रुपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

एचआईभी सम्बन्धि कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन र हाल सञ्चालन भइरहेका कार्यक्रमहरूलाई सुदृढीकरण गर्दै एचआईभी महामारीको अन्त्यका लागि प्रभावकारी भूमिका निर्वाह गरिरहेका स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र साथै सरकारी, गैरसरकारी, निजी संघ संस्थाहरू, सञ्चार माध्यम, नागरिक समाज, समुदाय, घरपरिवार तथा एचआईभी संक्रमितहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, एचआईभी संक्रमित र मुख्य जोखिम समूहहरूमा रहेकालाई एचआईभी प्रतिक्रियामा अर्थपूर्ण सहभागिता र नेतृत्वको लागि हार्दिक अपिल गर्दछु।

१५ मङ्सिर, २०८०

पुष्पकमल दाहाल 'प्रचण्ड'